दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड -४ संख्या -१ मितिः २०७७।०३।१६

**भाग -१**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७७।०३।१० |

**दुहुँ गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।**

**प्रस्तावना :**गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि संचितकोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गाउँसभाले यो ऐन बनाएको छ ।

दुहुँ गाउँपालिका

## १. संक्षिप्तनाम र प्रारम्भ

१) यस ऐनको नाम : दुहुँ गाउँपालिकाको विनियोजन ऐन, २०७७ रहेको छ।

२) यो ऐन गाउँ सभाले पारित गरेको दिन देखि तुरन्त लागु हुनेछ।

## २.आर्थिक वर्ष २०७७/७८ को निमित्त संचितकोषबाट रकम खर्च गर्ने अधिकार

(१) आर्थिक वर्ष **२०७७/०७८** को निमित्त गाउँकार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु खर्च, पुजीगतखर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३२,३०,९१,९३० -/अक्षरेपीरु. बत्तिस करोड तीस लाख एकानब्बे हजार नौ सय तीस मात्र नबढाई निर्दिष्ट गरिए बमोजिम संचितकोष बाट खर्च गर्न सकिने छ ।

**३.बिनियोजन**

१) यस ऐनद्वारा संचितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त दुहुँ गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुगहुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पुजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी, खर्च र ब्याज भुक्तानी शिर्षकमा बाहेक अन्यचालु खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानीखर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पुजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोतबाट अन्य स्रोतमा रकम सार्न सकिने छ।

३) उपदफा (२) माजुन सुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ।

अनुसूची-१
दफा २ सँग सम्बन्धित
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोष बाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पुजीगतखर्च | वित्तीयब्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | गाउँपालिका | १६,९१,०५,९३० | ११,३०,८६,००० | | २८,२१,९१,९३० |
| २ | | वडा समिति | | २,२५,००,००० | | २,२५,००,००० |
| ३ | | विषयगतशाखा | १,८४,००,००० | | | १,८४,००,००० |
| ४ | | ऋणको साँवाभुक्तनी | | | | |
| ५ | | लगानी शेयर/ऋण | | | | |
| **जम्मा** | | | १८,७५,०५,९३० | १३,५५,८६,००० | | ३२,३०,९१,९३० |

दुहुँ गाउँपालिका

आज्ञाले,

महेशबहादुर बम

प्रमुख प्रशासकीय अधिकृत

दुहुँ गाउँपालिका